नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

## मिति २०८२।०४।१३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति कपिलवस्तुको बैठकका निर्णयहरु

१. यस अघिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

२. यसवर्ष मनसुनको समयमा पर्याप्त बर्सात नभएका कारण हाल सम्म जिल्लाभर ९० प्रतिशत हाराहारी मात्र धान रोपाई भएको कृषि ज्ञान केन्द्र मार्फत जानकारी भयो । मूलत: जिल्लाको विजयनगर गाउँपालिका, कृष्णनगर नगरपालिका र महाराजगंज नगरपालिकाका सिंचाई सुविधा उपलब्ध नभएका सुख्खाग्रस्त स्थानहरुमा रोपाई हुन नसकेको र उल्लिखित पालिका सहित जिल्लाको अन्य क्षेत्रमा यस अघि भएका रोपाई समेत पर्याप्त सिचाई अभावका कारण सुख्खाग्रस्त हुदै गएको र हालकै अवस्थामा २५ देखि ३० प्रतिशत सम्म धानबालीको उत्पादनमा हास आउन सक्ने देखिएकोले यस जिल्लालाई समेत सुख्खाका कारण विपद संकटग्रस्त क्षेत्र घोषणा गरी राहत प्याकेज उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

३. जिल्लामा रोपाई हुन बाँकि क्षेत्रमा रोपाई गर्न र रोपाई भईसकेका क्षेत्रमा सिंचाई उपलब्ध गराउन सम्बन्धित स्थानीय तह, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बाणगंगा सिंचाई व्यवस्थापन कार्यालय, कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाई, कपिलवस्तु, नेपाल विधुत प्राधिकरण तौलिहवा र कृष्णनगर वितरण केन्द्र लगायतका निकायले समन्वयात्मक प्रयास गर्ने ।

४. मनसुनको समयमा हुने वर्षाको प्रवृतिमा आईरहेको वदलावको कारण कुनै पनि समयमा अत्याधिक वर्षा भई वाढी, कटान तथा डुवान हुन सक्ने जोखिम रहेकोले जिल्लामा क्रियाशिल विपद् सम्वद्ध सबै निकायहरु प्रतिकार्यका लागि तयारी अवस्थामा रहने ।

५. कपिलवस्तु जिल्लामा सम्भावित विपद् जोखिमको पहिचान, पूर्वतयारी र प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्यले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) २०८२ को अध्यावधिक मस्यौदा आगामी १० दिन भित्र तयार गरी पेस गर्न देहाय बमोजिम एक कार्यदल गठन गर्ने र कार्यदलबाट प्राप्त मस्यौदा जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारी र सरोकारवालाहरुसँग आवश्यकता अनुसार राय परामर्श गरी जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षले प्रमाणित गरी प्रकाशनको समन्वय गर्ने ।

कार्यदल

| | | | | |
|---|---|---|---|---|
| (क) | स.प्र.जि.अ. | श्री पदम लाल लामिछाने | जिल्ला प्रशासन कार्यालय क.व. | - संयोजक |
| (ख) | जि.स.अ. | श्री जनार्दन अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय क.व. | - सदस्य |
| (ग) | प्रमुख | श्री भाष्कर पौडेल | कृषि ज्ञान केन्द्र क.व. | - सदस्य |
| (घ) | प्रमुख | श्री परवेज आलम | भेटेरीनरी अस्पताल तथा प.से. वि.के. | - सदस्य |
| (ङ) | प्रमुख | श्री गौरव ढकाल | स्वास्थ्य कार्यालय क.व. | - सदस्य |
| (च) | प्रमुख | श्री प्रकाश के.सी. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | - सदस्य |
| (छ) | डि.प्रमुख | श्री सबिन कोइराला | सडक डिभिजन शिवपुर क.व. | - सदस्य |
| (ज) | प्रमुख | श्री गौरब पाण्डे | नेपाल विद्युत प्राधिकरण तौलिहवा वितरण केन्द्र | - सदस्य |
| (झ) | अध्यक्ष | श्री जय प्रकाश पाण्डे | गै.स. सं महासंघ क.व. | - सदस्य |
| (ञ) | प्रतिनिधि | श्री सन्तोष श्रीवास्तव | नेपाल रेडक्रस सोसाईटी तौ. क.व. | - सदस्य |
| (ट) | प्रतिनिधि | श्री बृजेश भटरा | उद्योग वाणिज्य संघ क.व. | - सदस्य |
| (ठ) | अध्यक्ष | श्री डिलाराम भुसाल | नेपाल पत्रकार महासंघ क.व. | - सदस्य |
| (ड) | शाखा अधिकृत | श्री अर्जुन कुँवर | शिक्षा विकास तथा समन्वय इकाइ | - सदस्य सचिव |

दिल कुमार तामाङ
प्रमुख जिल्ला अधिकारी

६. उपरोक्त बमोजिम DPRP अध्यावधिक मस्यौदाको लागि विपद सम्वद्ध निकायहरुले देहाय अनुसारको जिम्मेवारी वहन गर्ने।

- जिल्ला प्रशासन कार्यालयले DPRP प्रकृया संचालनको समग्र समन्वय गर्ने।
- प्रत्येक स्थानीय तहले विपद जोखिम, स्रोत, साधन, उपलब्ध जनशक्ति, राहत उद्धार क्षमताको विवरण ७ दिन भित्र पठाउने र यसको लागि जिल्ला समन्वय समिति समन्वयकर्ता रहने।
- सुरक्षा निकायहरुले विपदको अवस्थामा प्रयोग हुने जनशक्ति, साधन, उद्धार सामाग्रीको विवरणको साथै उद्धार, राहतको क्षमता र पहुँच योग्य क्षेत्रको नक्सा अद्यावधिक गर्ने।
- स्वास्थ्य कार्यालयले स्वास्थ्यकर्मी, औषधी, एम्बुलेन्स उपलब्धकर्ताको विवरण झाडापखाला, सर्पदंश, डेंगु जस्ता सम्बन्धित रोगको जोखिम मूल्यांकन र आपतकालिन स्वास्थ्य सेवा योजना अद्यावधिक गर्ने।
- शिक्षा समन्वय इकाइले विद्यालयहरुको जोखिम नक्साकंन, सुरक्षित भवन, अस्थायी आश्रयस्थल पहिचान र बालमैत्री आपतकालीन सूचना प्रणाली सम्बन्धी विवरण अद्यावधिक गर्ने।
- कृषि र पशुसेवा सम्बद्ध कार्यालयहरुले विपदबाट कृषिमा हुने क्षति र रोकथामका साथै पशु उपचार टोली र पशु आहारको भण्डारण सम्वन्धि विवरण अद्यावधिक गर्ने।
- खानेपानी कार्यालयले जोखिममा रहेका खानेपानीका स्रोतहरुको स्थिति र आपतकालिन अवस्थामा खानेपानी वितरण योजना अद्यावधिक गर्ने।
- भौतिक पूर्वाधार सम्वद्ध निकायले मुख्य/ वैकल्पिक सडक मार्गको सूची र पहुँच अवस्था, जोखिममा रहेका पुल र सडक, अस्थायी वा टेन्ट स्थापनाको लागि स्थानको पहिचान गर्ने।
- नेपाल रेडक्रस सोसाइटीले गैरखाद्य राहत सामाग्रीको भण्डारण, वितरण र वितरण रणनिति, स्वयंसेवकको सूची तालिम प्राप्त जनशक्ति र आपतकालिन प्रारम्भिक उपचारका लागि आवश्यक तयारी गर्ने।
- गै.स.सं. महासंघले उपलब्ध स्रोत साधन र आपतकालीन सहयोग योजनाका साथै समुदायमा चालिएका विपद् पूर्वतयारी कार्यक्रम विवरण पेस गर्ने।
- उद्योग वाणिज्य संघले आपकालिन अवस्थामा सहयोग योजना एवं पूर्व तयारीमा सहयोग गर्ने।

७. बर्सातको समयमा बाणगंगा नदीमा आउने ठूलो वाढीका कारण हुन सक्ने धनजनको क्षतिलाई न्यूनीकरण गर्न खोज तथा उद्धारका लागि हाल सशस्त्र प्रहरीसंग मौजुदा रहेको २ वटा रवरवोट मध्ये १ थान मात्र चालु अवस्थामा रहेको कारण अपर्याप्त हुन गई मिति २०८२।०२।२७ को जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट नदीसंगै जोडिएका स्थानीय तहहरु (बाणगंगा, बुद्धभूमि, महाराजगंज, कपिलवस्तु र यशोधरा ) ले संयुक्त रुपमा रकम व्यहोर्ने गरी कपिलवस्तु नगरपालिका मार्फत खरिद गरी १ थान रवरवोट सशस्त्र प्रहरीलाई उपलब्ध गराउने निर्णय भएकोले सो बमोजिम यथाशिघ्र १ थान रबरवोट खरिद गरी सशस्त्र प्रहरी बल नं. २८ गण हे. क्वा बर्मेलीलाई उपलब्ध गराउन कपिलवस्तु नगरपालिकालाई अनुरोध गर्ने। साथै लागत रकम साझेदारीका लागि बाणगंगा, बुद्धभूमि, महाराजगंज र कपिलवस्तु नगरपालिकालाई अनुरोध गर्ने।

४/१२
दिल कुमार तामाङ
प्रमुख जिल्ला अधिकारी